हाम्रोमत

## सम्पादकीय

# बिधिसम्मत हुनुपर्छ सरकारी निर्णय

बिधिको पालना नेपालमा सबैभन्दा ठूलो चुनौति हो । सत्ता, शक्ति र पहुँचमा हुनेहरुले बिधिको पालना नगरेको कारण नागरिकमा असन्तुष्टि बढेर जेनजीको आन्दोलन भएको हो । त्यसकारण अहिले पनि त्यसमा ध्यान दिन जरुरी छ । नेपालमा बढ्दो सरकारी खर्चलाई नियन्त्रण गर्नुपर्ने आवाज लामो समयदेखि उठ्दै आएको छ । संघीय सरकारले हालै गरेका खर्च कटौतीसम्बन्धी निर्णयहरू त्यसैको निरन्तरता हुन् । सांसद र राजनीतिक पदाधिकारीका स्वकीय सचिव, सल्लाहकार तथा अन्य अनुत्पादक सुविधा खारेज गर्ने संघीय मन्त्रिपरिषद्को निर्णयलाई धेरैले स्वागत गरेका छन् । यसले अनावश्यक व्ययभार घटाउने र जनताको करको पैसा बचत गर्ने आशा जगाएको छ । तर, प्रश्न उठेको छ– के यस्ता निर्णय केवल मन्त्रिपरिषद्को बैठकले गर्न सक्छ वा कानुनी प्रक्रिया पूरा गर्नुपर्ने हो ? बिधि पालना गर्नुपर्छ कि लोकप्रिय निर्णय बिधि मिचेर पनि गर्न मिल्छ ?

संविधानले स्पष्ट व्यवस्था गरेको छ– नीति, नियम, अधिकार र जिम्मेवारी कानुनअनुसार निर्धारण हुनुपर्छ । संघीय संसदको पारिश्रमिक सम्बन्धी ऐनअनुसार सांसदलाई स्वकीय सचिव राख्ने अधिकार प्राप्त छ । त्यसैले मन्त्रीपरिषद्को साधारण निर्णयले यो अधिकार कटौती गर्न सक्दैन । ऐनलाई खारेज वा संशोधन गरेर मात्र यस्तो व्यवस्था परिवर्तन गर्न सकिन्छ । त्यसको लागि सरकारले मतदाता नामावली संकलन गर्न जारी गरेको अध्यादेश जस्तै अध्यादेश जारी गरेर कानुन संशोधन गर्नसक्छ । तर, यसरी कानुनलाई बेवास्ता गरेर निर्णय गर्ने अभ्यास विधि राज्यको आधारभूत मूल्यविपरीत हुन्छ ।

प्रदेश स्तरमा पनि समस्या उस्तै छ । कोशी प्रदेशसहित सबै प्रदेशले आफ्ना ऐनमार्फत सांसदलाई स्वकीय सचिव राख्ने व्यवस्था गरेको छ । मुख्यमन्त्रीले सल्लाहकार राख्ने विषय पनि प्रदेश ऐन अनुसार छ । संघीय सरकारले खर्च कटौती गर्ने निर्णय गरे पनि प्रदेशसभाले पारित गरेको ऐन संघीय निर्णयले बदर गर्न सक्दैन । संविधानले प्रदेशलाई कानुन बनाउन स्वतन्त्रता दिएको छ । त्यसैले संघीय सरकारले कानुनी प्रक्रिया नअपनाई सिधै प्रदेशको अधिकार क्षेत्रमा हस्तक्षेप गर्न खोज्नु संघीयताको आत्मामाथि आघात हो । तर, यसको अर्थ यो होइन कि अनुत्पादक खर्चलाई निरन्तरता दिनुपर्छ । वास्तवमा सांसद र पदाधिकारीका नाममा स्वकीय सचिव, सल्लाहकार राखेर लाखौँ रुपैयाँ खर्च गर्ने चलन जनताको करको दुरुपयोग हो । यसलाई रोक्नु अपरिहार्य छ । तर, रोक्ने प्रक्रिया विधिसम्मत हुनुपर्छ । संघीय संसद र प्रदेशसभाले आफ्नो–आफ्नो कानुन संशोधन गरेर यस्तो सुविधा कटौती गर्नुपर्छ । कार्यकारी निर्णयले कानुनभन्दा माथि जान सक्दैन भन्ने संवैधानिक सिद्धान्तलाई सबैले बिर्सनु हुँदैन ।

फेरि पनि संघीय सरकारले अनावश्यक खर्च रोक्ने निर्णय गरेको कदम प्रशंसनीय छ । तर, यसलाई कार्यान्वयन गर्ने बाटो संवैधानिक र कानुनी हुनुपर्छ । कानुन संशोधन गरेर मात्र यस्तो निर्णय दिगो र विवादरहित हुन्छ । अन्यथा, प्रदेश र संघीय सरकारबीच अधिकार विवाद झन् गहिरिनेछ, जसले संघीयताको विश्वासनीयता कमजोर पार्ने खतरा छ । अन्ततः, खर्च कटौती जरुरी छ तर विधिसम्मत बाटो अपनाउनु अझै जरुरी छ । ऐन संशोधनमार्फत सांसद र पदाधिकारीका अनुत्पादक सुविधा हटाउने हो भने यो कदम दीर्घकालीन, संवैधानिक र विवादमुक्त बन्नेछ । संघीयता बलियो बनाउन र सुशासन कायम गर्न कानुनलाई नै आधार मान्नुपर्ने आजको सबैभन्दा ठूलो आवश्यकता हो । सरकारले यसमा ध्यान दिनुपर्छ ।

# ग्रेडेड स्कुलमा सांस्कृतिक कार्यक्रम

◆ हाम्रोमत संवाददाता


*विराटनगर, ११ असोज*

विराटनगर ८ मा अवस्थित ग्रेडेड इङ्लिस मिडियम सेकेन्डरी स्कुलले विजया दशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा एक भव्य कार्यक्रमबीच शुभकामना आदानप्रदान गरेको छ । विद्यालय परिसरमा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

विद्यार्थीहरूले दसैंको मालश्री धुनदेखि तिहारको देउसी (भैलो र छठको सांस्कृतिक झलक समेटिएका नृत्य तथा गीत प्रस्तुत गरेका थिए। शिक्षक, अभिभावक र विद्यार्थीहरूको उल्लेख्य उपस्थिति रहेको कार्यक्रमले आपसी सद्भाव, मेलमिलाप र सांस्कृतिक एकताको सन्देश प्रवाह गरेको थियो। सहभागीहरूले यस्ता पर्वहरूले नेपाली समाजमा पारस्परिक भाइचारा, प्रेम र सहिष्णुताको भावनालाई थप प्रगाढ बनाउने विश्वास व्यक्त गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै विद्यालयका प्रधानाध्यापक प्रेमलाल सिंह सुवालले महान चाडपर्वले सम्पूर्ण नेपालीमाझ सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना व्यक्त गरे । उनले सांस्कृतिक पर्वहरूको संरक्षणमा विद्यालयले सधैँ जोड दिने बताउँदै विद्यार्थी, शिक्षक तथा अभिभावकहरूमा शुभकामना व्यक्त गरे । कार्यक्रमले सबैमा उत्सवको उमङ्ग छरेको थियो ।

# डिजिटल विद्रोहः के हो जेन–जी आन्दोलनको सन्देश ?



■ विदुर कटुवाल



> वर्षौं सत्तामा रमाउने परिपाटीबाट अब सबै दलमा भएका जेन–जीले मुक्त गनै पर्छ । जनताले आफ्नै हितको प्रतिनिधित्व गर्ने क्रान्तिकारी पार्टी खोजिरहेको प्रस्ट छ । त्यो पनि जेन–जीले दिन सक्नुपर्छ ।

२२ भदौसम्म शान्त नेपालमा २३ भदौको दिउँसोबाट एकाएक अशान्त बन्यो । अझ २४ भदौमा दुईतिहाइ सरकारको धम्की दिने शासकको पनि भागभाग भयो । देशव्यापी रूपमा शासकविरुद्ध चर्को नारा लाग्यो । उच्च सुरक्षामा रहेका महत्त्वपूर्ण सरकारी कार्यालय जले । सहरका सडकमा देखिने नेपाल प्रहरी, सशस्त्र प्रहरी हराए । सत्तापक्ष र विपक्षी दलका नेता वा मन्त्रीहरू नेपाली सेनाको उद्धारबाट सुरक्षित स्थान पुगे । त्यही दृश्यका भिडियो र फोटोहरू सामाजिक सञ्जालमा भाइरल बने । जुन विगतमा श्रीलङ्का, बंगलादेश, केन्या, इन्डोनेसियाजस्ता देशमा पहिले नै देखिएका थिए । अहिले नेपालपछि फिलिपिन्समा देखियो ।

आखिर किन भयो, जेन-जी आन्दोलन ? धेरैको मनमा उब्जेको प्रश्न यही छ । यही दृश्य देखेर केही वामपन्थी र दक्षिणपन्थी नेता, विश्लेषक र विज्ञको फरक-फरक दृष्टिकोण आउने क्रम जारी छ । दक्षिणपन्थी भन्छन्, 'घरेलु र बाह्य शक्तिको घुसपैठ । वामपन्थीहरू यता यसलाई क्रान्तिको लहर सम्झन्छन् तर त्यो लहर कहाँ जाँदै छ भन्ने प्रश्नको उत्तर दिएका छैनन् ।

वामपन्थी नेताहरू जनताको उत्साहको आन्दोलन भन्दै प्रशंसा गरिरहेका छन् । जसले सत्ता उथलपुथल बनाउँछ । नेपालको जेन-जी आन्दोलनले पनि बनाएको छ । विरोधीले अराजकता, घुसपैठ, प्रतिगमनकारी र स्वार्थ समूहको सफलता आदि दाबी गरेका छन् । उनीहरु भन्छन्– हामी फेरि उठ्नेछौँ । यता आन्दोलनका नेतृत्वकर्ता दाबी गर्ने अराजक समूह घोषणा नै गर्छ, 'हामी फेरि कुट्नेछौँ ।'

पहिला विकासोन्मुख देश श्रीलङ्काका शासक महिन्दा राजपाक्षेको विरुद्धमा आन्दोलन सुरु भएको थियो । त्यहाँ ठुला भ्रष्टाचार, चुनावमा धाँधली र युवा बेरोजगारी लगायत समस्या जनतामा थियो । मुख्य रूपमा राजापाक्षेका भ्रष्टाचार नै थियो । त्यसपछि बंगलादेशमा शेख हसिनाको पतन नै भयो । हसिनाले राजनीतिमा मनलाग्दी गर्ने, निरंकुश र क्रूर बन्ने बाटो रोजिरहेकी थिइन् । हसिनाको पनि संसद्मा दुईतिहाइको बहुमत थियो । नेपाली संसद्मा पनि विपक्षी नेताहरूले सत्तापक्षलाई दुईतिहाइको धम्की नदिन बारम्बार उद्घोष गरिरहेका हुन्थे । नभन्दै २३ र २४ गते भदौमा भएको जेन-जी आन्दोलनले केपी शर्मा ओली नेतृत्वको दुईतिहाइको सरकारको भागभाग भयो । अहिले देश अन्तरिम सरकारको भरमा छ ।

नेपालमा 'नेपो बेबी' नामबाट प्रारम्भ भएको जेन-जी विद्रोह सत्ता परिवर्तनको कारक बन्यो । त्यसमा हालका निर्वतमान प्रधानमन्त्री तथा एमाले अध्यक्ष ओलीको सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने हठ झनै ऐतिहासिक बन्यो ।

कम्युनिस्ट पार्टी सम्भवतः आफूलाई वामपन्थी दृष्टिकोणबाट प्रस्तुत गर्छन्; समाजवादी अभियन्ता बताउँछन्; किसान, मजदुर, युवा, महिला, वर्गीय, जातीय, क्षेत्रीय लगायत मुक्तिका आवाज घन्काउँछन्; सामाजिक, आर्थिक एजेन्डामा नारा लगाउँछन्; क्रान्तिकारी रूपमा देशलाई आर्थिक समृद्धिको बाटो लैजाने सपना देखाउँछन् । मार्क्सवादी सत्ताको कल्पना गर्छन् । भ्रष्टाचार शून्य बनाउने भन्छन् । सुशासनका सुनिरहने कुरा गर्छन् तर कम्युनिस्ट पार्टीकै नेतृत्वको सरकार भएका बेला जेन-जी आन्दोलन उठ्यो । नेपाली इतिहासमा जेन-जी क्रान्तिका रूपमा दर्ज भयो, यो दुःखद हो कि सुखद कमरेडहरू ?

विद्रोहीहरूले श्रीलङ्का, केन्या, इन्डोनेसिया, बंगलादेशमा आन्दोलनमा राष्ट्रिय झन्डा जसरी देखे; नेपालको जेन-जी आन्दोलनले २३ भदौमा नेपाली झन्डा रोजे । पार्टीको झन्डा बिर्से । अनि आन्दोलनमा होमिए । जनवादी गायक जीवन शर्माको स्वरमा रहेको गीत भन्छ- 'क्रान्ति आफैँ आउँदैन... रगतको भेटी चलाउनैपर्छ, कर्तव्य वेदीमा... । ' युवाले रगत पनि चढाए । लोकतान्त्रिक मूल्य-मान्यता र सिद्धान्तको नारा लगाउने नवमहाराजका लागि युवाहरू बलि चढे । बलिदान दिनेहरूमा कांग्रेस, माओवादी केन्द्र, रास्वपालगायत धेरै दलका विचारधारामा दौडिरहने युवा पनि छन् । सत्य त्यही थियो, क्रान्तिकारीहरू न देखावटी प्रभावमा पर्छन् वा पूर्वनिर्धारित ढाँचामा क्रान्ति तय गर्छन् । ठोस परिमाण आएपछि मात्र क्रान्तिको सार बुझिन्छ । धेरैले जेन-जी आन्दोलनका बारेमा यस्तै बुझ्न पाए ।

क्रान्तिमा जनताले देखाएको साहस र शक्ति अचम्मको हुन्छ । त्यो कहिले पनि शासकले चिन्नै सक्दैन । अनुमान पनि लगाउन सक्दैन । सत्ता र शक्तिमा आफूलाई मात्र देख्छ । जसरी श्रीलङ्कामा जनताले राष्ट्रपतिको कार्यालय कब्जा गरेका थिए; बंगलादेशमा प्रधानमन्त्रीको कार्यालय र निवास कब्जा गरेका थिए; त्यसैगरी नेपालको संसद् भवन र सिंहदरबार समेत कब्जा गरे; नेताका घर जलाए; महत्त्वपूर्ण सरकारी कार्यालय जलाए तर शासकका अंगरक्षक प्रहरी, सेना पनि नतमस्तक बने ।

श्रीलङ्काबाट शासक राजापाक्षे परिवार र बंगलादेशबाट सेख हसिना जसरी देशै छाडेर भागेका थिए, सुखद नेपाली नेताहरू देश छाडेर भाग्नुपरेन । शासन, सत्ता र शक्ति मिलीजुली बाँडेर लिने प्रथा भगाए । नेपाली राजनीतिका बुढा पुस्ताका नेता पनि औपचारिक रूपमा बिदा हुने अवस्थामा पुगे । त्यसको उत्तर २१ फागुनमा २०८२ को प्रतिनिधिसभाको चुनावमा देखिएला । त्यसभन्दा अगाडि लेख्नु र बोल्नुको अर्थ छैन ।

अहिलेसम्म नेपालमा भएका आन्दोलन मूलतः राजनीतिक दलकै अगुवाइमा भएका थिए, त्यो पनि पुरानो व्यवस्था परास्त गर्न र नयाँ व्यवस्था ल्याउन तर राजनीतिक दलकै विरुद्ध पहिलोपटक आन्दोलन भयो । दलको विकल्पमा दल मात्रै हुनुपर्ने प्रजातान्त्रिक मान्यता छ, जेन-जी आन्दोलनको सार पनि त्यही छ ।

जेन-जी आन्दोलनमा जनताले अपार शक्ति देखाए तर यसबाट मौलिक परिवर्तन न्यून छ । कारण, यसमा क्रान्तिकारी नेतृत्वको अभाव रह्यो । नेतृत्व र कार्यक्रमविना लक्ष्य स्पष्ट हुँदैन । त्यस कारण नेपालको जेन-जी क्रान्ति बिचमै अलमलमा पर्‍यो । मात्र पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री बनायो । नेपालको पहिलो महिला प्रधानमन्त्रीको परिचय थप्यो ।

जेन-जी क्रान्तिको सन्देश

विश्वप्रख्यात कम्युनिस्ट नेता लेनिनले भनेका छन्, 'शुद्ध, पूर्वयोजना अनुसारको समाजवादी क्रान्तिको कल्पना मात्र गर्नेले कहिल्यै वास्तविक क्रान्ति देख्दैन ।' हामी समाजवादी क्रान्तिको यात्रामा छौँ । अबको राजनीतिक यात्रा समाजवादी लोकतन्त्र वा गणतन्त्रको बाटो हो । यही मार्गमा जानुपर्छ भनेर नारा दिने नेता पनि अहिले नसमस्तक छन् । पार्टीभित्र नेतृत्व त्याग गर्न दबाब छ । औपचारिक रूपमा बोल्न सकेका छैनन् ।

समाजवादी नारा दिएर दलाल पुँजीवादी चरित्र, व्यवहार देखाउने दलका नेताले कल्पना बाहिरको विद्रोह यो हो । संविधानभित्र रहेका विधि, पद्धति, ऐन-कानुन कार्यान्वयन गर्नेहरू नै अराजक बनेपछि जेन-जी विद्रोहले उथलपुथल ल्याएको हो । अब विद्रोह गर्न हातमा बन्दुक बोक्नुपर्दैन । हातमा मोबाइल भएपछि पुग्छ । संविधानका राम्रा र नराम्रा पक्ष छुट्याउनुको साटो आफू अनुकूल व्याख्या गर्ने दलका शीर्ष नेताका विरुद्ध जेन-जी विद्रोह सम्मानयोग्य छ । जेन-जी आन्दोलनका वीर सहिदप्रति उच्च सम्मान छ ।

देशको भावी नेतृत्वका लागि अब युवा अघि सर्नेछन् । समय जटिल र सरल परिस्थिति अगाडि उभिएको छ । राजनीतिक दलहरूका पहिलो पुस्तालाई बिदा दिने र दोस्रो तथा तेस्रो पुस्ताको नेतृत्व हुनुपर्छ भन्ने बहस जारी छ । पार्टीलाई अब मुखमा वामपन्थी, काममा दक्षिणपन्थी बनाउने परिपाटी अन्य हुनुपर्छ । काम र नाममै वामपन्थी बनाउनुपर्छ । सत्ता र शक्तिले जनतालाई प्राथमिकता राख्नुपर्छ भन्ने गहिरो चेत छाडेको छ । नेतृत्वविना अपुरो देखिएको जेन-जी क्रान्तिले नेपाली राजनीतिमा धेरै ठुलो सन्देश दिएको छ । नेतृत्वविना पनि ठुला क्रान्ति हुने रहेछ भन्ने प्रमाणित छ ।

यद्यपि यस आन्दोलनमा हामी नेपाल नाम गरेको संस्थाका अगुवा सुदन गुरुङको नाम आइरहेको छ । रक्षा बम वा मिराज ढुंगानाको अर्थात् अरु धेरै छन्, यस आन्दोलनमा नेताका रूपमा देखिएकाहरू तर औपचारिक रूपमा जेन-जी आन्दोलनको नेतृत्व अझै प्रस्ट भएको देखिँदैन । एउटा सम्झौतामा एउटाले मौखिक हस्ताक्षर गरेको मात्र देखिन्छ । नेपाली परिवेशको मौलिक क्रान्ति जेन-जी विद्रोह हो ।

भविष्य खोसिएका भनौँ वा केही गुमाउन बाँकी नभएका युवा देशका लागि मर्न तयार हुँदा रहेछन् । यसलाई नेपाल र केन्यामा यसलाई 'जेन-जेड' अर्थात् जेन-जी क्रान्ति'ले चिनियो । श्रीलंका, बंगलादेश लगायत देशमा ठुला आन्दोलन भनिएको छ । यी आन्दोलनबाट जनताले भ्रष्ट शासकलाई तत्कालका लागि खेदे । उनीहरूको मोज-मस्तीविरुद्ध ठाडै प्रहार गरे । यसमा कतिपयले भन्छन्– यस्ता आन्दोलन पुँजीवादविरुद्ध होइन, केवल भ्रष्टाचारविरुद्ध हो । भ्रष्टाचार पुँजीवादी प्रणालीको चरम रोग हो, यसमा गहिरो गरी अध्ययन गर्नैपर्छ । पुँजीवादकै अन्त्यविना भ्रष्टाचारको अन्त्य असम्भव छ । पुँजीवादको अन्त्य हुनु भनेको निजी सम्पत्तिको अन्त्य गर्नु हो । राज्यको मातहतमा ल्याउनु वा सीमित दायरामा राख्नु हो । भ्रष्टाचारको अन्य गर्न निजी सम्पत्तिमा अंकुश लगाउनुपर्छ । नेपालमा जरुरी छ । त्यसका लागि भ्रष्टहरूलाई कानुनी कारबाहीको दायरामा कडा रूपमा ल्याउनुपर्छ । भ्रष्टाचारसम्बन्धी कारबाही गर्ने राज्यका संवैधानिक निकाय दलहरूको हस्तक्षेपबाट मुक्त हुनैपर्छ ।

चुके जेन-जी

अहिलेकै संविधानमा रहेर प्रतिनिधिसभालाई जीवितै राखेर संसदीय प्रक्रियाबाट आन्दोलनको ' ल्यान्ड' गराउनुपर्थ्यो । ओलीले राजीनामा दिएपछि निकास संविधानबाटै खोजिनुपर्थ्यो । संविधान संशोधनमा प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था, समानुपातिक निर्वाचन प्रणाली, भ्रष्टाचारसम्बन्धी शक्तिशाली स्वतन्त्र आयोग, निर्वाचन प्रणालीमा श्रमिक एवं विपन्न वर्गबाट समेत समानुपातिकतर्फबाट प्रतिनिधित्व गर्ने व्यवस्था, 'पितृसत्तात्मक' र 'वर्ण व्यवस्थाजन्य विभेद' अन्त्य संविधान संशोधनबाटै हटाउनुपर्थ्यो । त्यसका लागि उत्तम उपाय, प्रतिनिधिसभा विघटन नगरीकन गराउनुपर्थ्यो । अहिलेकै संसद्हरूलाई त्यो काम लगाउनुपर्थ्यो । यसमा जेन-जी नराम्ररी चुकेका छन् । २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन भए पनि संविधान संशोधनको ग्यारेन्टी छैन । प्रत्यक्ष कार्यकारीको कुरा परको भइसकेको छ ।

संविधानअन्तर्गत रहेका कतिपय कानुन, ऐन, नियमावलीहरू अपुष्ट र अपुरा, समय अनुकूल नभएका छन् । तिनको परिमार्जन संविधानबाटै खोज्नुपर्थ्यो । त्यसमा जेन-जी पुस्ताको क्रान्ति असफल भएको छ । आन्दोलन पनि त्यसैका लागि थियो ।

अब प्रश्न छ– त्यसो भए जेन-जीका नाममा भएको विद्रोह प्रधानमन्त्री ओलीलाई हटाएर सुशीला कार्कीलाई बनाउन मात्र हो त ? सामाजिक सञ्जालका भाइरलहरूलाई मन्त्री बनाउन मात्र हो ? नेपालमा जेन-जी क्रान्ति सफल भएको छ तर समूह र झुन्डमा देखेर जेन-जी, सहिदका परिवार र घाइतेहरू के सोचिरहेका होलान् !

संविधानकै परिकल्पनाबाहिर गएर पूर्वप्रधानन्यायाधीश कार्कीलाई प्रधानमन्त्री बनाउन सडकमा रगत बगेको हो ? संविधानकै पक्षमा रहेका जेन-जीलाई निद्रा लागेको छ ? हिजोका भ्रष्टका फाइल जलेका छन् । भ्रष्टहरू पुनः उठ्दै छन् । तिनीहरूको दीर्घकालीन व्यवस्थापन खोइ ? पूर्वशासक र प्रशासनको सम्पत्ति छानबिन गरेर कानुनी कारबाही गर्नुपर्दैन ? भ्रष्टहरूको सम्पत्ति छानबिन गरेर राष्ट्रियकरण गर्नुपर्दैन ? भ्रष्टको सम्पत्ति छानबिन गरेर राष्ट्रियकरण गर्दा पनि जलेका सरकारी संरचना बनाउन पुग्छ कि ! त्यसतर्फ कार्की नेतृत्वको सरकारको ध्यान गएको छैन । यसमा जेन-जीहरूले खबरदारी गर्नुपर्दैन ।

जेन-जी पुस्ताका अनुहार मन्त्री परिषद्मा किन लोप भए ? मन्त्री हुने उमेर पुगेका जेन-जीहरू धेरै छन् । यस विषयमा जेन-जीको आन्दोलनको अगुवाइ हुँ भन्नेहरूले सोच्नुपर्दैन । दलको दाग नलागेको खोज्ने भन्दै भाइरल व्यक्ति खोजेर देशले पार पाउँछ ? हिजोका भ्रष्टलाई आज स्वतन्त्र मान्छे भनेर रोज्न वा खोज्न बानेश्वरमा रगत बगेको हो ?

अर्को कुरा, शान्तिपूर्ण आन्दोलनमा गोली चलाउने आदेश दिने सरकारको छानबिन कसरी हुन्छ ? विगतका आन्दोलनहरूमा धेरै छानबिन समिति बनेका छन् तर नतिजा शून्य छ । यो पनि त्यस्तै हो ? यी प्रश्नको उत्तर अहिले जेन-जीको नेतृत्वकर्ता बनेर निस्केका सुदन गुरुङसँग छ ? गुरुङको बोलीचाली हेर्दा त्यस्तो देखिँदैन । त्यस कारण नेतृत्वविहीन जेन-जी क्रान्तिले अझै ठुलो क्रान्तिको संकेत प्रस्ट गरेको छ । त्यो आन्दोलनका लागि नयाँ बाटो नेपालमा जेन-जी पुस्ताले खोलेको छ ।

दल र नेतामा दबाब

बहुदलीय प्रजातान्त्रिक वा लोकतान्त्रिक मूल्य-मान्यता बोकेको गणतान्त्रिक देशमा दलको विकल्प दल नै हुन्छ । त्यस कारण जेन-जी क्रान्तिपछि केवल सत्तारुढ दलहरू मात्र होइन, सम्पूर्ण राजनीतिक दलमाथि वा पुराना र नयाँ नेतामाथि दबाब सिर्जना भएको छ । दल र नेताहरू सच्चिने अवस्थामा छन् ।

यता एउटा समूहमा भ्रम फैलिएको छ । दलका नेतालाई घृणा गर्नुपर्छ । हालसम्म आफूलाई जेन-जीका नेतृत्वकर्ता बताउने सुदन गुरुङको मुखबाट 'नेता कुटिन्छ/कुट्छौँ' भन्ने तर्क सामाजिक सञ्जालमा बारम्बार आइरहन्छ । के यो मण्डले प्रवृत्ति होइन र ? पढे-लेखेको र संसार बुझेको जेन-जीको संस्कार यही हो ?

पुराना दल र नेताले नै बाँडेको गुलियो सपनामा नुनिलो स्वाद जनताले भेटिसकेका छन् । त्यसो भएकाले प्रतिगामी विचारधारा बोक्ने, यथास्थितिवादमा रमाउने जेन-जी पुस्ताले मात्र सबै दल र नेतालाई गाली गर्छ । क्रान्तिकारी वा परिवर्तनकारी विचारको पथमा हिँड्ने वामपन्थीले सधैँ नयाँ विकल्प खोज्छ । नयाँ विकल्प दिन अघि सर्छ । अब नेपालमा नयाँ दल पनि आउला । पुराना दलमा पनि सुध्रिने संकेत आएको छ । परिवर्तन हुन जरुरी छ । जुन जेन-जी आन्दोलनले सिधै खबरदारी गरेको छ ।

वर्षौं सत्तामा रमाउने परिपाटीबाट अब सबै दलमा भएका जेन-जीले मुक्त गर्नैपर्छ । जनताले आफ्नै हितको प्रतिनिधित्व गर्ने क्रान्तिकारी पार्टी खोजिरहेको प्रस्ट छ । त्यो पनि जेन-जीले दिन सक्नुपर्छ । नारामा वामपन्थी विचार दिने, व्यवहारमा दक्षिणपन्थी बाटो लिने दलहरूको बिदाइ गर्नैपर्छ ।

भित्री पाटो

भारतीय सञ्चारमाध्यमले नेपालको जेन-जी आन्दोलनमा अमेरिकन हात रहेको प्रचार-प्रसार गरिरहेका छन् । हामीले नेपाली विज्ञ, विश्लेषक भन्नेका मुखबाट थरीथरीका विश्लेषण सुनिरहेका छौँ । कसैले आन्दोलनलाई पश्चिमी शक्तिद्वारा आयोजित 'कलर रिभोलुसन' भनेका छन् । कसैले यसमा भारत त कसैले क-कसलाई जोडेका छन् । नेपालको आन्दोलनमा छिमेकी भारत र चीनमा चासो हुनु स्वाभाविक हो । त्यसमा पनि मित्र राष्ट्रको चासो हुनुहुँदैन भन्ने होइन ।

नेपालका विगतका सडक आन्दोलन होस् या सशस्त्र युद्ध होस्, तिनमा विदेशी शक्तिको भूमिका रहेको बारे धेरै लेख र किताब पनि बजारमा आएका छन् । तिनले प्रस्ट भन्छन्– बाह्य शक्तिको हस्तक्षेप नौलो होइन, सामान्य हो । यद्यपि यो जेन-जी क्रान्ति कुनै षड्यन्त्र होइन । क्रान्तिकारी नेतृत्व नभएपछि प्रतिक्रियावादी शक्तिले हस्तक्षेप गर्न खोजेको प्रस्ट हो । त्यसमा अमूर्त रूपमा संविधान जोगिएको छ, मात्र मिचिएको हो । त्यसमा घरेलु बाह्य शक्ति दुवै थिए । मात्र एउटा समूहले जित्यो र अर्को समूहले हार्‍यो । यसमा अध्ययन गर्दा हुन्छ तर हाम्रो देशलाई बाह्य शक्तिको मतियार बन्नबाट जोगाउनुपर्छ । मित्र राष्ट्रले आफूअनुकूल बनाउन खोज्दा रणमैदान बन्न सक्छ । यसमा जेन-जीले ध्यान दिनुपर्छ ।

नेपालमा राजतन्त्रको अन्त्यपछि पनि आर्थिक विकासको मेरुदण्ड तय हुन सकेको थिएन । गरिबी, बेरोजगारी पहिलाकै जस्तै थियो । त्यसकारण श्रीलंका र बंगलादेशमा जसरी निवर्तमान सरकार ढले, त्यसै गरी नेपालमा पनि ढलेको हो । नयाँ निर्माण भएको कार्कीको सत्तामा पनि पुरानै मनोभावको छ । रुसको सन् १९१७ को फेब्रुअरी क्रान्तिसँग यसको तुलना गर्न सकिन्छ । जहाँ जार गयो, तर पुँजीवादी वर्ग यथावत् रह्यो । जब अक्टोबरमा बोल्सेभिकले सत्ता कब्जा गर्‍यो, अनि केही समयमा समाजवादी देशका रूपमा रुस चिनियो तर फेरि पुँजीवादी विचारधाराका भूतहरूले अहिले फेरि रुसमा सुधारिएको पुँजीवादी व्यवस्था नै फर्काए ।

श्रीलंकाबाट सुरु भएको यो डिजिटल विद्रोहले बंगलादेश, नेपाल, इन्डोनेसिया, केन्यामा जसरी उथलपुथल ल्यायो; यसको मूल कारणमा उच्च बेरोजगारी, असमान विकास, भ्रष्टाचार, नेतृत्वमा दलाल मानसिकता, निरंकुशता, वैदेशिक ऋणको बोझ, युवा भविष्य अन्योल, असमानता, विधि र पद्धति, ऐन-नियम, कानुनको उल्लंघन हुन् ।

संसारका धेरै देश यस्तै स्थितिमा छन् । यसले देखाउँछ कि क्रान्तिकारी पार्टी पहिले नै निर्माण गर्नुपर्छ, समय धेरै छैन । संसारभर पुँजीवादको संकट तीव्र छ । आज गरिब देशमा सुरु भएको यो लहर अन्ततः विकसित देशसम्म देखिन्छ । विश्व जागिरहेको छ । अबको विद्रोह बन्दुक बोकेर होइन, हातमा मोबाइल बोकेर हुनेछ । यो झन् ठुलो क्रान्तिकारी विस्फोट बन्छ । लाखौँ लाख मानिस मर्न तयार हुनेछन् ।



## केहि महत्वपूर्ण टेलिफोन नम्बरहरू

### एमबुलेन्स सेवा

| | |
|---|---|
| मोरङ सहकारी अस्पताल | ५२३२३०, ९८४२२८२७७७ |
| जिसस मोरङ | ५३६३५३ |
| निर्माण व्य. संघ | ५२३८३६, ५३०५७२ |
| नेरेसो रंगेली | ५८००४८ |
| चेतनशील मित्र परिषद् | ९८४२२६६२३१ |
| नेपाल दुरसंचार सं.क. संघ | ५३३३३३ |
| पूर्वाञ्चल नर्सिङ होम | ५२३१५५ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२७०७१ |
| पथरी नर्सिङ होम | ५५५३४३ |
| लायन्स क्लव सेन्ट्रल | ५३७००१ |
| जीवन वि. स. कर्सिया | ५६५०८८ |
| शनिश्चरे एम्वुलेन्स सेवा | ५५५१४४ |
| न्युरो हस्पिटल प्रा.लि. | ४१७४७५, ४१६०२४ |
| पोखरिया बचत एम्बुलेन्स | ९८४२२७७६६६ |
| लाइफ गार्ड एम्बुलेन्स सेवा | ९७४२०४२३३३ |
| ग्रामीण महिला जागरण | ५३१०६५ |
| च्यारेटी ट्रष्ट धरान | ०२५-५२१६०० |

### दमकल

| | |
|---|---|
| विराटनगर बारूणयन्त्र | ४२०००० |
| इटहरी बारूणयन्त्र | ५८०१०१ |
| धरान बारूणयन्त्र | ५२०१९९ |
| इनरूवा बारूणयन्त्र | ५६०१०१ |
| दमक बारूणयन्त्र | ०२३-५८०१०१ |
| भद्रपुर बारूणयन्त्र | ०२३-५२०१०१ |

### अस्पताल

| | |
|---|---|
| कोशी अं. अ. इमरजेन्सी | ५२४२३४ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२२१४४ |
| विराट मेडिकल कलेज | ४२१०६३, ४२११८२ |
| ब्लड बैंक | ५२३३२६ |
| आँखा अस्पताल | ५२३७०६ |
| मोरङ सहकारी अस्पताल | ५२३२३० |
| सप्तकोशी नर्सिङ होम | ५२७९५४ |
| न्युरो हस्पिटल प्रा.लि | ४१७४८४, ४१६२६७ |
| नौलखा डेन्टल केयर | ५२१०८२ |
| नेपाल क्षयरोग निवारण संस्था | ५२२८२७ |
| लाइफ गार्ड हस्पिटल | ९७४२०४२३३३ |

### प्रहरी

| | |
|---|---|
| पूर्वाञ्चल क्षे.प्र.का. | ४३५००१ |
| जिल्ला प्रहरी | ५३०३५८, ५२३९०१, १०० |
| जिल्ला ट्रा.प्र.का. | ५३५३९९, १९९, ५३५५९९ |
| नगर प्र.का., विराटनगर | ५२१८५०, ५३०३६७, ११० |
| इ.प्र.का.,रानी | ४३५३६४, १०८ |
| सिआरभी (CRV) | १०९ |
| इप्र.का.,रंगेली | ९८५२०९०१४४ |
| इ.प्र.का., उर्लावारी | ५४०००२ |
| सिमा प्रहरी चौकी रानी | ४३५८४० |

### होटल

| | |
|---|---|
| होटल स्वागतम | ४७२४५० |
| होटल इष्टर्न स्टार | ४७१६२६ |
| होटल संगम पार्टी प्यालेस | ५३०४०३ |
| एबी होटल | ०२१-५११७७२ |
| होटल नमस्कार | ०२१-५९०९०९/५९०६०६ |
| होटल प्यासिफिक | ४७१०३६ |
| होटल मुन | ९८०२७२७७७७ |
| सगरमाथा पार्टी प्यालेस | ४७१४९३ |
| दिव्यरत्न होटल | ९८५२०३३२९६ |
| होटल पाथिभरा इन | ९८०२७६९१५२ |
| होटल श्रीकृष्ण | ०२१-५९०४६७ |
| ओम होटल पाञ्चाली | ९७६९७०८४७५ |
| सगरमाथा पार्टी प्यालेस | ९७६४८८३८१८ |